गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा विकास निर्देशनालय, पोखरा

## अपाङ्ग उच्च शिक्षा छात्रवृत्तिको लागि निवेदन पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२५

चालु आर्थिक वर्ष २०८१/८२ को अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम कार्यान्वयन सम्बन्धमा **स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८१ (मिति २०८१।१२।१५ को संशोधन सहित)** बमोजिम आ.व. २०८१।८२ मा स्नातक वा स्नातकोत्तर तहमा भर्ना भई अध्ययनरत अपाङ्गता भएका विद्यार्थीले (यस वर्ष छात्रवृत्ति पाएका बाहेक) यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस निर्देशनालयमा निवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।निवेदनको ढाँचा, निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू, मूल्याङ्कनका आधारहरू लगायतका थप जानकारी यस निर्देशनालयको वेबसाइट edd.gandaki.gov.np मा रहेको वार्षिक कार्यक्रम कार्यान्वय सम्बन्धी मापदण्डबाट प्राप्त गर्न सकिनेछ ।

मापदण्ड बमोजिमका कागजातहरु पूरा नभएका र म्यादभित्र पेश नभएका निवेदनहरू मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

**<u>निवेदनसाथ पेस गर्नुपर्ने कागजातहरूः</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. अपाङ्गताको प्रकार (वर्ग) खुलेको अपाङ्गता परिचय पत्रको प्रतिलिपि,

३. बसाईंसराई भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराई प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

४. कक्षा १२ तथा स्नातक तह उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपि, (विदेशी बोर्डवाट उत्तीर्ण भएको भए समकक्षताको प्रमाणपत्र)

५. कक्षा १२ उत्तीर्ण शैक्षिक संस्था सामुदायिक/सार्वजनिक हो भनी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई तथा स्नातक उत्तीर्ण संस्था सामुदायिक/सार्वजनिक हो भनी सम्बन्धित क्याम्पसले प्रमाणित गरेको पत्र,

६. सम्बन्धित वर्ष/सेमेष्टरमा भर्ना भई अध्ययन गरिरहेको र दोहोरो छात्रवृत्ति प्राप्त नगरेको भन्ने व्यहोराको सम्बन्धित क्याम्पसको पत्र,

७. स्थायी ठेगाना रहेको स्थानीय तहको सिफारिस,

८. दलित वर्गको भएमा प्रमाण खुल्ने कागजात,

९. सम्बन्धित विद्यार्थीको नाममा भएको बैंक विवरण ।

**सम्पर्कका लागिः**

शाखा अधिकृत प्रकाश ओझा - ९८५६०३७१६९

प्राविधिक सहायक राजकुमार गौतम - ९८६६०५८००१

माननीय विन्दु कुमार ...
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री

## २.३८ अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | १००० | पहिलो देखि तेस्रो |

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | कार्यक्रम परिचय | गण्डकी प्रदेशभित्र स्थायी बसोबास भइ स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरूलाई तह पूरा गर्न सहयोग एवम् प्रोत्साहन गर्न अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि बजेट व्यबस्था भएको हो । यस कार्यक्रमलाई व्यवस्थित किसिमले सञ्चालन गर्न प्रक्रिया निर्धारण गरिएको छ । |
| २ | कार्यक्रमको उद्देश्य | उच्च शिक्षा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षा पूरा गर्न प्रोत्साहन गर्ने । |
| ३ | कार्यक्रम कार्यन्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय, स्थानीय तहहरू र विद्यालयहरू |
| ४ | बजेट बाँडफाँट | विद्यार्थी छनौट, व्यवस्थापन र छात्रवृत्ति रकम । |
| ५ | सञ्चालन प्रक्रिया | परिभाषा: विषय वा अन्य प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा, "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक,मानसिक,बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालिन अशक्तता,कार्यगत सिमितता वा विद्यमान अवरोधका कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।<br>"अपाङ्गता उच्च शिक्षा छात्रवृत्ति" भन्नाले स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्नका लागि क्याम्पस वा विश्वविद्यालयमा भर्ना भई अध्ययन सुरु गरेका अपाङ्ग विद्यार्थीहरूको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्ने समस्यालाई कम गर्नका लागि उपलब्ध गराइने प्रोत्साहन सम्झनु पर्दछ।<br>"उच्च शिक्षा" भन्नाले स्नातक र स्नातकोत्तर तहलाई सम्झनु पर्दछ ।<br>**क. सूचना प्रकाशन:** (१) छात्रवृत्ति प्रदान गर्नका लागि यस आर्थिक वर्ष २०८१/८२ मा स्नातक र स्नातकोत्तर तह स्नातक र स्नातकोत्तर तहमा भर्ना भई अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरूसँग कम्तिमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकएका कागजात सहित निवेदन माग गरिनेछ।<br>(२) उपदफा (१) बमोजिमको सूचना शिक्षा विकास निर्देशनालयको वेवसाइट वा अन्य विद्युतिय माध्यम तथा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरिनेछ ।<br>**ख. निवेदन पेश गर्ने:** (१) आर्थिक वर्ष २०८१/८२ मा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरूले सूचनाको म्याद भित्र |

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

सचिव

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

| | | |
|---|---|---|
| | | अनुसूची-२४ को ढाँचामा शिक्षा विकास निर्देशनालयमा निवेदन पेश गर्नुपर्नेछ ।<br>ग. **छात्रवृत्ति रकम सम्बन्धमा:** छात्रवृत्ति बापतको रकम विद्यार्थीको खातामा देहाय बमोजिम उपलब्ध हुनेछ ।<br>**घ. छात्रवृत्ति रकम निर्धारण:** क) वर्ग- रु. ४० हजार<br>ख) वर्ग- रु. १० हजार<br>ग) वर्ग- रु. ५ हजार<br>घ) वर्ग- रु. ३ हजार<br>**ङ. मूल्याङ्कन समिति:** प्राप्त निवेदनको अनुसूची-२५ बमोजिमका आधारहरूमा मूल्याङ्कन गरी महानिर्देशक समक्ष सिफारिस गर्न देहाय बमोजिम समिति गठन हुनेछ ।<br>१. योजना तथा कार्यक्रम शाखा प्रमुख, शिक्षा विकास निर्देशनलाय- संयोजक<br>२. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका शिक्षा सेवाको अधिकृत प्रतिनिधीसदस्य -<br>३. राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश अध्यक्ष वा अध्यक्षले तोकेको महासंघको प्रतिनिधिसदस्य -<br>४. आर्थिक प्रशासन शाखा, शिक्षा विकास निर्देशनालयसदस्य -<br>५. योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालयसदस्य सचिव- मूल्याङ्कन समितिले पहिलो चरणमा वितरण गरी बाँकी बजेट छात्रवृत्तिका लागि निवेदन संख्याको आधारमा रकम अपर्याप्त भएमा वर्ग अनुसार छात्रवृत्तिको रकम दामसाही रुपमा प्रदान गर्न सक्नेछ<br>क. **छात्रवृत्ति रकम भुक्तानी:** छात्रवृत्ति बापतको रकम विद्यार्थीको बैङ्क खाता मार्फत एकमुष्ठ भुक्तानी दिनुपर्नेछ । |
| ६ | अपेक्षित उपलब्धि | उच्च शिक्षा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षा पूरा गर्न प्रोत्साहन भएको हुनेछ । |
| ७ | पेश गर्नुपर्ने कागजहरू | क) अनुसूची २४ अनुसारको निवेदन<br>ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,<br>ग) भर्ना भएको प्रमाण खुल्ने र दोहोरो छत्रवृत्ति प्राप्त नगरेको भन्ने व्यहोराको सम्बन्धित शिक्षण संस्थाको प्रमाणित पत्र,<br>घ) अपाङ्गता परिचयपत्रको प्रतिलिपी,<br>ङ) निवेदन पेश गरेको तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपी<br>च) सम्बन्धित विद्यार्थीको नाममा भएको बैंक विवरण (चेकको पत्ता) |
| ८ | अनुगमन | सामजिक विकास तथा स्वास्थ्य मन्त्रालय र शिक्षा विकास निर्देशनालय |

सचिव

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

अनुसूची - २५

अपाङ्ग उच्च शिक्षा छनौट मापदण्ड

| क.सं. | विषय | पूर्णाङ्क | अंक विभाजन विवरण |
|---|---|---|---|
| १ | अध्ययनरत तहभन्दा एक तह मुनीको प्राप्ताङ्क | ५० | प्राप्ताङ्कलाई ५०% अङ्कभार प्रदान गरिनेछ । (५० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अङ्कभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ। |
| २ | अपाङ्गताको प्रकार | ३२ | (क) वर्ग-३२ अङ्क, (ख) वर्ग-२७ अङ्क, (ग) वर्ग-२२ अङ्क र (घ) वर्ग-१७ अङ्क |
| ३ | शैक्षिक संस्थाको प्रकार | १० | सामुदायिकका लागि १० अङ्क र संस्थागतका लागि ५ अंक प्रदान गरिनेछ । अंक प्रदान गर्दा अध्ययरत तह भन्दा तल्लो तह अध्ययन गरेको शिक्षण संस्थालाई आधार मान्ने । |
| ४ | भौगोलिक क्षेत्र | ५ | गाउँपालिका-५ र नगरपालिका-३ |
| ५ | जाति र वर्ग | ३ | क) दलित–३ अङ्क<br>ख) अन्य–२ अङ्क |
| जम्मा | | १०० | अंक बराबर भएमा प्राथमिकता क्रममा क्रमशः दलित र महिला विद्यार्थीहरु छनौट गरिनेछ । |

नोटः कुल अंक मध्ये न्यूनतम ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीलाई छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतिका लागि सिफारिस गर्नेछ ।अङ्क बराबर भएमा छनौट समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची - २४

## अपाङ्ग उच्च शिक्षा छात्रवृत्ती निवेदनको ढाँचा

पासपोर्ट साइजको फोटो

**१. निवेदकको व्यक्तिगत विवरण**

नाम थरः लिङ्गः

जातः

अपाङ्गताको प्रकार र वर्ग :

स्थायी ठेगानाः

जिल्लाः स्थानीय तहको नामः वडा नं.

बाबुको नामः

आमाको नामः

अभिभावकको मोवाइल नम्बरः

बाबुको पेसाः आमाको पेसाः

परिवारको वार्षिक आम्दानी :

**२. शैक्षिक संस्थाको विवरणः**

कक्षा १२ उत्तीर्ण संस्थाको नामः ठेगानाः

स्नातक उत्तीर्ण संस्थाको नामः ठेगानाः

उत्तीर्ण सालः प्रासाङ्क प्रतिशत/जिपिए :

अध्ययन गर्ने तह भन्दा एक तह मुनीको शिक्षण संस्था : सार्वजनिक ☐ संस्थागत विद्यालय ☐

भर्ना भएको कलेजको नामः ठेगानाः

अध्ययनरत तहः

भर्ना भएको शैक्षिक सत्रः भर्ना रोल नम्बरः

**३. अन्य विवरणः**

खाता रहेको बैङ्कको नामः ठेगानाः

बैंक खाता नं.:

विद्यार्थीको मोवाइल नं.: इमेल ठेगाना :

विद्यार्थीको हस्ताक्षरः

**अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२) अपाङ्गताको प्रकार (वर्ग) खुलेको अपाङ्गता परिचय पत्रको प्रतिलिपि,

३) बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

४) कक्षा १२ तथा स्नातक तह उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपि (विदेशी बोर्डवाट उत्तीर्ण भएको भए समकक्षताको प्रमाणपत्र),

५) कक्षा १२ उत्तीर्ण शैक्षिक संस्था सामुदायिक/सार्वजनिक हो भनी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई तथा स्नातक उत्तीर्ण संस्था सामुदायिक/सार्वजनिक हो भनी सम्बन्धित क्याम्पसले प्रमाणित गरेको पत्र,

६) चालु आ.व. २०८१/८२ मा स्नातक वा स्तानकोत्तर तह प्रथम वर्ष वा सेमेष्टरमा भर्ना भई अध्ययन गरिरहेको र दोहोरो छात्रवृत्ति प्राप्त नगरेको भन्ने व्यहोराको सम्बन्धित कलेजको पत्र,

७) स्थायी ठेगाना रहेको स्थानीय तहको सिफारिस,

८) दलित वर्गको भएमा प्रमाण खुल्ने कागजात,

९) सम्बन्धित विद्यार्थीको नाममा भएको बैंक विवरण ।